# प्रदेश आपत्कालिन कोष विस्तार तथा परिचालन

# अवधारणा

## १. पृष्ठभूमि

विपद्को अनपेक्षित, आकस्मिक, र विनासकारी चरित्रका कारण समय समयमा राज्यले विपद व्यवस्थापन र प्रतिकार्यका लागि ठूलो धनरासी खर्च गर्ने गरेको छ ।संस्थागत पूर्वाधारको पूर्व तयारी मात्र होइन श्रोत साधनको अभावका कारण विपद व्यवस्थापन महंगो र चुनौतीपूर्ण बन्ने गरेको हो । पूर्वतयारी स्वरुप स्रोत साधनको पूर्व व्यवस्थाले मात्रै पनि विनास र क्षतिको न्यूनीकरण गर्न सकिन्छ ।

विपद् व्यवस्थापनमा आकस्मिक श्रोत साधनको व्यवस्था पूर्व तयारीको प्रस्थान विन्दु हो । नेपाल सरकार लगायत प्रदेश सरकार र स्थानीय सरकारहरुले कुनै न कुनै रुपमा आकस्मिक अवस्थाको सामना गर्न विपद् व्यवस्थापन कोषको व्यवस्था गरेका छन् । सार्वजनिक कोषबाट रकम परिचालनको प्रकृयाका कारण क्षतिको मात्रा बढ्न नपाओस भन्ने उदेश्यले छुट्टै कानुनी प्रवन्ध गरेर विपद कोषको स्थापना गरेको पाईएको छ ।

## २. कोषको उदेश्य

क. विपद् पूर्वतयारी तथा प्रतिकार्यका क्षेत्रमा लगानी गर्ने,

ख. विपदका समयमा रकम अभावका कारण हुन सक्ने थप क्षतीको न्यूनीकरण गर्ने

ग. विपदमा परेका पिडितलाई राहत र पुनर्स्थापनाको व्यवस्था मिलाउने ।

## ३. प्रदेशमा कोष स्थापना सम्वन्धि कानूनी व्यवस्था

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३ को उपदफा १ मा विपद् व्यवस्थापनको लागि प्रत्येक प्रदेश, जिल्ला तथा स्थानीय तहमा विपद् व्यवस्थापन कोष

रहने उल्लेख भए बमोजिम प्रदेशहरुमा कोषको व्यवस्था गरिएको छ । त्यस्तो कोषमा रहने रकम तथा कोष सञ्चालन सम्बन्धि व्यवस्था सम्बन्धित प्रदेश तथा स्थानीय तहले बनाएको नियममा तोकिए बमोजिम हुने व्यवस्था छ ।गण्डकी प्रदेशमा साविकमा विपद् व्यवस्थापन समितिको निर्णय बमोजिम रकम जम्मा गरिएपनि गण्डकी प्रदेशको विपद् व्यवस्थापन नियमावली तर्जुमा हुने क्रममा रहेकोले सो नियमावलीमा उल्लेख भएबमोजिम कोषमा रकम जम्मा गर्ने व्यवस्था गर्नुपर्ने देखिन्छ ।

## ४. नेपाल सरकार र अन्य प्रदेशको अवस्था

क. विपद् व्यवस्थापन ऐन, २०७४ को दफा २२ को उपदफा १ मा विपद् व्यवस्थापनका लागि केन्द्रीयस्तरमा एउटा छुट्टै विपद् व्यवस्थापन कोष रहने उल्लेख छ ।उक्त कोषमा नेपाल सरकारबाट प्राप्त रकम, संघ संस्था वा व्यक्तिवाट दान उपहार स्वरुप प्राप्त रकम, विदेशी सरकार, व्यक्ति वा अन्तराष्ट्रीय संघ संस्थाबाट सहयोग, अनुदान वा ऋण स्वरुप प्राप्त रकम र अन्य श्रोतबाट प्राप्त रकम जम्मा हुने व्यवस्था रहेको छ ।

ख. सबै प्रदेशहरुमा विपद् व्यवस्थापन कोषको स्थापना भएको वा हुने क्रममा रहेको पाईएको छ । प्रदेश नं १ विराटनगरले प्रत्येक बर्ष बार्षिक बजेटमा व्यवस्था गरी रकम जम्मा गर्ने गरेको छ ।साविकमा रु १ करोड जम्मा गर्ने गरिएकोमा यस आ.ब. बाट रु ३ करोड जम्मा गर्ने व्यवस्था गरेको छ । प्रदेश नं २ मा यस आ.व को समेत गरी हाल सम्म करिव रु ५ करोड ५० लाख रुपैया जम्मा भएको छ।उक्त रकम प्रत्येक आ.ब. को बार्षिक बजेटमा उल्लेख भए बमोजिम जम्मा भएको हो । बाग्मती प्रदेशमा विपद् व्यवस्थापन कोष स्थापना गर्ने क्रममा रहेको छ ।

प्रदेश नं ५ ले विपद् व्यवस्थापन कार्यसञ्चालन निर्देशिकामा उल्लेख भए बमोजिम एकमुष्ठ रु १० करोडको विपद् व्यवस्थापन कोष स्थापना गरेको छ जसबाट प्रत्येक बर्ष खर्च भएको रकम शोधभर्ना गर्ने गरेको छ ।कर्णाली प्रदेशमा हालसम्म विपद् व्यवस्थापन कोषका नामबाट कोष स्थापना नभएको तर प्रदेश लेखा नियन्त्रकको कार्यालयमा रहेको आकस्मिक कोषमा करिब रु १ करोड जम्मा गरेको छ । यस्तै सुदुरपश्चिम प्रदेशले विपद् व्यवस्थापन ऐनमा व्यवस्था गरी रु १ करोड जम्मा गर्ने र सो बाट खर्च भएको रकम प्रत्येक बर्ष शोधभर्ना गर्ने व्यवस्था गरेको पाईएको छ ।

ग. पोखरा महानगरपालिकाले कोष सञ्चालन कार्यविधि २०७५ को अधिनमा रही खर्च गर्ने गरी रु ७ करोडको विपद् व्यवस्थापन कोष स्थापना गरेको छ ।यस्तै प्रदेशमा रहेका अन्य स्थानीय तहहरुमा समेत विपद् व्यवस्थापन कोषको नाममा आकस्मिक कोषको स्थापना भएको पाईएको छ ।

## ५. गण्डकी प्रदेशमा आपत्कालिन कोषको अवस्था

क. विपद् व्यवस्थापनका लागि मार्गदर्शन गर्न मा. मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश स्तरमा गठन गरिएको विपद् व्यवस्थापन समितिको मिति २०७५।०१।१० गतेको निर्णय बमोजिम प्रत्येक आर्थिक बर्ष रु १ करोडका दरले विपद् व्यवस्थापन कोषमा रकम जम्मा गर्ने व्यवस्था रहेको छ ।सो कोषबाट रकम परिचालनका लागि मा. आन्तरिक मामिला तथा कानून मन्त्रीको अध्यक्षतामा विपद् व्यवस्थापन कार्यकारी समितिको गठन भएको छ ।

ख. प्रदेश सरकार स्थापना भएको तेश्रो आर्थिक बर्षसम्म आइपुग्दा विपद् व्यवस्थापन कोषमा हालसम्म रु ३ करोड जम्मा भईसकेको छ ।उक्त रकम मध्ये करिव रु ४८ लाख ७० हजार रुपैया विपद्का घटनामा पिडित भएका र तिनका परिवारलाई राहत वितरण संम्वन्धि मापदण्ड २०७५ बमोजिम राहत स्वरुप वितरण भएको छ । यसबाट हालसम्म करिव ८५ पिडित परिवार लाभान्वित भएका छन् । हाल कोषमा करिब रु २ करोड ५१ लाख रुपैया मौज्दात रहेको छ ।

## ६. कोषबाट हुने खर्च व्यवस्था

राहत वितरण मापदण्ड २०७५ बमोजिम हाल कोषबाट विपद्का घटनामा परी निधन भएका व्यक्तिका परिवारलाई रु ५० हजार र विपदबाट घरबास नष्ट भई तत्काल व्यवस्था गर्नका लागि रु १० हजार र आवास पुनर्निर्माण गर्नुपर्ने भए थप रु १५ हजार रुपैया राहत स्वरुप प्रदान गर्ने गरिएको छ ।उक्त मापदण्डको अधिनमा रही मा. मन्त्रीस्तरको निर्णयबाट हालसम्म राहत वितरण कार्य हुदै आएको छ ।

कोषबाट विपदका कारण क्षतिपुगेका ८५ परिवार र १ विद्यालयलाई गरी करिव हालसम्म करिव रु ४८ लाख ७० हजार रुपैया वितरण भइसकेको छ ।हाल यस कोषबाट मुख्यत प्राकृतिक प्रकोपजन्य विपद्का क्षेत्रमा खर्च गरिदै आएको छ । पछिल्लो समय कोभिड

१९ को महामारीको सम्भावना देखिएको अवस्थामा कोषको क्षेत्र साँघुरो र यसमा विनियोजित रकम अत्यन्तै न्यून हुन गएको महसुस भएको छ ।

## ७. कोषको रकम र क्षेत्र विस्तारको आवश्यकता

हाल सम्म प्राकृतिक विपद्लाई मात्र समेटेर कोषको रकम परिचालन हुने गरेकोमा मानवीय र विभिन्न महामारीजन्य घटनाका कारण सिर्जना हुने विपदको अवस्थालाई समेत ध्यान दिनु पर्ने देखिएको छ । डेंगु, कोरोना लगायतका महामारीजन्य रोगबाट समेत विपद्को सिर्जना हुन सक्ने सम्भावनाका विच यस्ता क्षेत्र समेत समेटेर विपद्लाई वृहत दृष्टिकोणबाट हेर्नुपर्ने देखिन्छ ।यसका लागि कोषको क्षेत्र र रकम समेत विस्तार गरी पर्याप्त मात्रामा श्रोतको व्यवस्था गर्न आवश्यक छ ।

अन्य प्रदेशहरु र यसै प्रदेशको पोखरा महानगरपालिकाको व्यवस्थालाई समेत मध्यनजर राख्दा यस प्रदेशमा हाल मौजुदा कोष अपर्याप्त र नपुग हुने देखिन्छ । हिमाली क्षेत्र देखि तराई सम्म समेट्ने प्रदेशमा विपद्को विषमता र विविधता अन्य प्रदेशको तुलनामा गहन हुने भएकाले पूर्वतयारी समेत सोही अनुरुप हुनुपर्ने अवस्थामा गण्डकी प्रदेश सरकारको हालको व्यवस्था न्यून भएको महसुस हुने गरेको छ । साथै जनसंख्या र भौगोलिक विकटताका कारण समेत अन्य प्रदेश भन्दा यस प्रदेशले विपद्का क्षेत्रमा अतिरिक्त लगानी गर्नुपर्ने आवश्यकता देखिएको छ ।

## ८. कोषमा आवश्यक अनुमानित रकम

विपद् व्यवस्थापन कोषमा हालसम्म रु ३ करोड जम्मा भएको छ । यो रकम सामान्य विपदको अवस्थाका लागि समेत अपर्याप्त रकम हो ।यसको क्षेत्र विस्तार गर्दा यो रकम झन अपुग र अपर्याप्त हुने देखिन्छ । विपद् व्यवस्थापन कोषमा हाल जम्मा हुने गरेको रकमलाई विस्तार गरी यस बर्ष रु ३ करोड थप गर्ने र प्रत्येक बर्ष कम्तिमा ५ करोडका दरले रकम जम्मा गर्ने व्यवस्था गर्नु उपयुक्त हुन्छ ।उक्त व्यवस्थाबाट विपद्लाई वृहत दृष्टिकोणका साथ सम्वोधन गर्न सकिने र महामारीजन्य विपदका अवस्थामा समेत पर्याप्त पूर्व तयारीका कार्य सम्पादन गर्न सकिन्छ ।

## ९. कोष विस्तारको प्रभाव

क. विपद्को अवस्थामा सहज र सरल प्रकृयाबाट रकम परिचालन गरी विपदको सम्बोधन गर्न सकिने,

ख. विपदका वृहत दायरामा कोषको रकम परिचालन र व्यवस्थापन गर्न सकिने,

ग. विपद्का क्षेत्रमा नागरिकले महसुस गर्न सक्ने गरी जोखिम न्यूनीकरण र पुनर्लाभका क्षेत्रमा काम गर्न सकिने,

घ. जिल्लास्तरमा हुने विपद्को खोज, उद्दार तथा जोखिम न्यूनीकरणका लागि रकम परिचालन गर्न सकिने,

ङ. विपद् जोखिम न्यूनीकरण तथा पुनस्थापनाका लागि जिल्ला तथा स्थानीय तहसँग सहकार्य र समन्वय गर्न सहज हुने,

च. प्रदेशमा हुन सक्ने ठूला विपद्का घटना सामना गर्न सक्ने क्षमता विस्तार हुने तथा प्रदेश सरकारको आत्मविश्वास बृद्दि हुने ।

## १०. अपेक्षित नतिजा

कोषको क्षेत्र र विनियोजन गरिने रकम विस्तारबाट कोष परिचालनको दायरा फराकिलो हुनेछ । यसबाट प्राकृतिक मात्र नभई गैह्र प्राकृतिक तथा स्वास्थ्य जन्य माहामारीको समेत जोखिम न्यूनीकरण र पुनर्लाभका क्षेत्रमा काम गर्न सहज हुनेछ ।

बलियो कोष भएमा प्रदेश सरकारको आत्मविश्वास तथा खर्च गर्न सक्ने क्षमतामा वृद्दी हुनेछ जसबाट विपद्को सामना गर्न सहज हुनेछ ।सामान्य विपद्को सामना गर्नका लागि नेपाल सरकार तथा अन्य प्रदेशबाट सहयोगको अपेक्षा गर्नुपर्ने अवस्थाको अन्त्य हुनेछ